म्याग्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

आज मिति २०७९ साल मंसिर २५ गते यस म्यागङ गाउँपालिकाका अध्यक्ष श्री आशा तामाङ ज्यूको अध्यक्षतामा बसेको म्यागङ गाउँपालिका कार्यपालिकाको बैठकमा निम्नानुसार पदाधिकारी सदस्यहरुको उपस्थिति भई निम्न अनुसार निर्णय गरियो।

१. अध्यक्ष- आशा तामाङ

२. उपाध्यक्ष- सीता तामाङ

३. सदस्य- जिमा बहादुर तामाङ

४. सदस्य- सन्द विर तामाङ

५. सदस्य- हरि बहादुर तामाङ

६. सदस्य- कमल बहादुर तामाङ

७. सदस्य- जित बहादुर तामाङ

८. सदस्य- हरि कुमार तामाङ

९. सदस्य- सरु घले

१०. सदस्य- टेक राज घले

११. सदस्य- सम्झना तामाङ

१२. सदस्य- सिंगराम घले

१३. सदस्य- गंगा तामाङ

१४. सदस्य- कमला तामाङ

१५. सदस्य सचिव- श्री रमेश सिङदन (प्रमुख प्रशासकीय अधिकृत)

<u>आमन्त्रितः</u>

१. बिरेन्द्र तामाङ (सूचना प्रविधि अधिकृत)

<u>प्रस्ताव नं. १ — यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा।</u>

<u>निर्णय नं. १</u> — म्यागङ गाउँ कार्यपालिकाको यस अघिको बैठकमा भएका निर्णयहरुको कार्यान्वयन समीक्षा एवं प्रगति सम्बन्धमा समीक्षा गरियो।

<u>प्रस्ताव नं. २ — धरौटी फिर्ता सम्बन्धमा।</u>

<u>निर्णय नं. २</u> — प्रस्ताव नं. २ उपर छलफल गर्दा आ.व. २०७६/०७७ मा यस पालिकाको ठेक्का नं. Myagang/NCB/02/076/077, Construction of Bungtang Thulo Gau Nali tatha Dhal Byapasthapan, Ward 2 को काम Uichen Construction, Myagang -2 Nuwakot ले सो आर्थिक वर्षमा ५८.४% सम्पन्न भएको र सो समयमा फैलिएको कोरोना महामारीको कारण सम्झौता आवधीमा काम पूर्ण रुपमा सम्पन्न गर्न नसकेकोमा त्यस पछीका आर्थिक बर्ष २०७७/०७८, ०७८/०७९ र यस आ.व. २०७९/०८० मा बाँकी कामको लागि बजेट व्यवस्थापन नभएको सो क्षेत्रको आवश्यकता पनि परिपूर्ति भईसकेको हुँदा उक्त ठेक्का रद्द गरिएको निर्णय गरियो र उक्त फर्मको तर्फबाट सो कार्यको लागि रखिएको धरौटी तथा रिटेन्सन रकम फिर्ता गर्ने भनी निर्णय गरियो।

<u>प्रस्ताव नं. ३ — विविध स्वास्थ्य कार्यक्रम सम्बन्धमा।</u>

<u>निर्णय नं. ३</u> - प्रस्ताव नं. ३ उपर छलफल गर्दा यस पालिका अन्तर्गतका महिला दिदीबाहिनी तथा जेष्ठ नागरिकलाई लक्षित गरी महिला प्रजनन स्वास्थ्य परिक्षण तथा जेष्ठ नागरिकहरुको सुगर, प्रेसर लागायतको स्वास्थ्य परिक्षणका लागि विविध स्वास्थ्य कार्यक्रमबाट रु. ७,००,०००/- ले नबढ्ने गरी कार्यक्रम गर्न स्वास्थ्य शाखालाई अनुमति दिने निर्णय गरियो। साथै स्वास्थ्य शाखाको कार्यक्रममा बुङताङ स्वास्थ्य चौकी, देउराली प्राथमिक स्वास्थ्य केन्द्रबाट सहभागी हुने स्वास्थ्यकर्मीलाई यातायात खर्च वापत् रु. ५००/- र अन्य स्वास्थ्य चौकीबाट सहभागी हुनेलाई नियमानुसार भ्रमाण खर्च दिईनेछ। A.N.C को ल्याव टेष्ट प्याकेज शूल्क नि-शूल्क गर्ने निर्णय गरियो। स्वास्थ्य चौकीमा ल्याव व्यवस्थापनको लागि लागत ईष्टिमेट पेश गर्न स्वास्थ्य शाखालाई जिम्मेवारी दिइएको निर्णय गरियो। साथै ल्याव व्यवस्थापनको लागि जिल्ला जनस्वास्थ्य कार्यालय, नुवाकोटलाई अनुरोध गर्ने भनि निर्णय गरियो।

<u>प्रस्ताव नं. ४ — महिला स्वयंमसेविका सम्बन्धमा।</u>

<u>निर्णय नं. ४</u> - प्रस्ताव नं. ४ उपर छलफल गर्दा यस पालिका अन्तर्गत कार्यरत स्वास्थ्य महिला स्वयंमसेविकाहरु मध्ये केही महिला स्वयंमसेविकाहरु सेवामा रहदाँकै आवस्थामा निधान भएकोमा सो स्वयमसेविकाहरुको परिवारलाई र ६० बर्ष पुरा भएका अन्य महिला स्वयंमसेविकाहरुलाई विविध स्वास्थ्य कार्यक्रमबाट रु. २०,०००/- का दरले दिई स-सम्मान बिदाई गरिने निर्णय गरियो। साथै कार्यक्षेत्रमा बसोबास नगरी अन्यत्र बसोबास गर्ने महिला स्वयंमसेविकाहरु पहिचान गरी सेवाबाट हटाईनेछ भनि निर्णय गरियो।

<u>प्रस्ताव नं. ५</u> — <u>मनाव विकास सूचङ्कमा पछाडी परेकाको लागि जिविको पार्जन सुधार कार्यक्रम सम्बन्धमा।</u>

<u>निर्णय नं. ५</u> - प्रस्ताव नं. ५ उपर छलफल गर्दा सो कार्यक्रमको लागि वडागत अनुसार निम्न सहभागी गरी जम्मा २५ जनाको सहभागी हुने गरी कार्यक्रम संचालन गर्ने निर्णय गरियो।

| क.सं. | वडा नं.. नाम | सहभागी सङ्ख्या |
|---|---|---|
| १. | १ नं. वडा कार्यालय, बर्लुन्चेत | २ जना |
| २. | २ नं. वडा कार्यालय, बुङलाङ | ४ जना |
| ३. | ३ नं. वडा कार्यालय, देउराली | ५ जना |
| ४. | ४. नं. वडा कार्यालय, किम्ताङ | ४ जना |
| ५. | ५. नं. वडा कार्यालय, सामरी | ५ जना |
| ६. | ६. नं. वडा कार्याल, थप सामरी | ५ जना |
| जम्मा | | २५ जना |

<u>प्रस्ताव नं. ६</u> — <u>गोदम घर तथा चमेना गृह र वडा कार्यालय भवन माग सम्बन्धमा।</u>

<u>निर्णय नं. ६</u> - प्रस्ताव नं. ६ उपर छलफल गर्दा नवनिर्मित गाउँ कार्यपालिकाको कार्यालय भवनमा कार्यालय प्रयोजनका सामानहरु, उपयोग भई अभिलेखका सामानहरु, भण्डरणका लागि एक गोदम घर र चमेना गृह संचालनको गर्नु अत्यन्त जरुरी भएको हुँदा गोदम भवन तथा चमेना गृह निर्माण तथा यस पालिकाको २ नं. वडाको वडा कार्यालय भवन आफ्नो नरहेकोले उक्त वडा कार्यालयको भवन निर्माणको लागि समेत आवश्यक बजेट व्यवस्थापन गरिदिनुहुन श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार सँग अनुरोध गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं. ७</u> — <u>लक्षित वर्गको कार्यक्रम सम्बन्धमा।</u>

<u>निर्णय नं. ७</u> - प्रस्ताव नं. ७ उपर छलफल गर्दा संघीय सरकारबाट प्राप्त विशेष अनुदान अन्तरर्गतको लक्षित वर्गको जिविको पार्जन कार्यक्रम म्यागड १ देखि ५' शीर्षकको रु. ७०,००,०००/- लाई तपशिल बमोजिमको योजनामा विभाजन गरी कार्यान्वयन गर्ने भनि निर्णय गरियो।

१. दलित आरान सुधार कार्यक्रम, म्यागङ १ देखि ६ — रु. १५,००,०००/-

२. तरकारी बाली प्रवर्द्धन कार्यक्रम, म्यागङ १ देखि ६ — रु. ८,००,०००/-

३. पशुपालन प्रवर्द्धन कार्यक्रम, म्यागङ १ देखि ६ — रु. ७,००,०००/-

४. युवा सशक्तिकरण कार्यक्रम, म्यागङ १ देखि ६ — रु. १५,००,०००/-

५. महिला सशक्तिकरण कार्यक्रम, म्यागङ १ देखि ६ — रु. २५,००,०००/-

<u>प्रस्ताव नं. ८</u> — <u>आयोजना माग सम्बन्धमा।</u>

<u>निर्णय नं. ८</u> - प्रस्ताव नं. ८ उपर छलफल गर्दा यस म्यागङ गाउँपालिका अन्तर्गत सपाशिलका आयोजनाहरुको कार्यान्वयनको लागि भौतिक पूर्वाधार विकास मन्त्रालय, हेटौंडा कार्यालय सँग आवश्यक बजेट विनियोजन गर्न अनुरोध गर्ने भनि निर्णय गरियो।

१. म्यागङ ५ सामरी — पोखरी — मैबोल — पालिका केन्द्र जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

२. सामरी — पुरनपानी — पनेरा — फलाँटे — धादिङ नेत्रावती डोब्जोङ गा.पा. जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

३. तरस्योङ - गैसला — डवचेत - थम्बुखोला सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

४. तिदुफेद - तक्सार - भर्याङभुरुङ जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

५. सप्चेत — सानेडाँडा — मानेभञ्ज्याङ जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

६. म्यागङ डाँडा — नकुर डाँडा — वर्सेन्चेत लुर्दीटार जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

७. चिउरी भञ्ज्याङ हुँदै आल्चेत — गैरफुम — बसपार्क जोड्ने सडकको DPR तथा स्तरोन्नती, म्यागङ गा.पा., नुवाकोट

<u>प्रस्ताव नं. ९</u> — <u>बाख्रा प्रर्वद्धन कार्यक्रम, म्यागङ २ सम्बन्धमा।</u>

<u>निर्णय नं. ९</u> - प्रस्ताव नं. ९ उपर छलफल गर्दा प्रदेश सरकारबाट सर्शत कार्यक्रम अन्तर्गतको बाख्रा प्रर्वद्धन कार्यक्रम, म्यागङ २ को लागि आर्थिक विकास समितिको प्रस्ताव बमोजिम ५०% लागत सहभागीतामा पालिका तर्फको बाख्रा खोर सुधार गर्न १० जना किसानलाइ रु. ५०,०००/- का दरले, ९ किसानलाई च्यापकटर अनुदान तथा प्रजनन बोका खरिदमा ८ जना किसानलाई रु. ३०,०००/- का दरले अनुदान वितरण गर्ने निर्णय गरियो।

<u>प्रस्ताव नं. १०</u> — <u>बाख्रा पकेट कार्यक्रम निरन्तरता सम्बन्धमा।</u>

<u>निर्णय नं. १०</u> - प्रस्ताव न. १० उपर छलफल गर्दा गत आ.व. २०७८/०७९ मा स्थापना भएको बाख्रा पकेट कार्यक्रम वडा नं. ३,४,५ र ६ लाई पुन: निरन्तरता दिने निर्णय गरियो।

<u>प्रस्ताव नं. ११</u> — <u>तरकारी बाली पकेट कार्यक्रम निरन्तरता सम्बन्धमा।</u>

<u>निर्णय नं. ११</u> - प्रस्ताव नं. ११ उपर छलफल गर्दा गत आ.व. २०७८/०७९ मा स्थापना भएको तरकारी बाली पकेट कार्यक्रम वडा न. २ र ४ लाई पुन: निरन्तरता दिने निर्णय गरियो।

प्रस्ताव नं. १२ — नयाँ तरकारी बाली पकेट कार्यक्रम सम्बन्धमा।

निर्णय नं. १२ - प्रस्ताव नं. १२ उपर छलफल गर्दा यस आ.व. २०७९/०८० को शर्सत कार्यक्रम नयाँ तरकारी बाली पकेट कार्यक्रम वडा नं. १, ३, ५ र ६ मा संचालन गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १३ — विविध कृषि तथा पशु कार्यक्रम सम्बन्धमा।

निर्णय नं. १३ - प्रस्ताव नं. १३ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका किसानहरुको घर पालुवा कुकुर तथा सडक कुकुरहरुलाई रेबिज रोग संक्रमाण हुन नदिन रेबिज बिरुद्धको खोप शिविर संचालन गर्न विविध कृषि तथा पशु कार्यक्रमबाट रु. २,००,०००/- ले नबढ्ने गरी कार्यक्रम गर्न पशु शाखालाई अनुमति दिईएको निर्णय गरियो।

प्रस्ताव नं. १४ — रिक्त पदको माग आकृति सम्बन्धमा।

निर्णय नं. १४ - प्रस्ताव नं. १४ उपर छलफल गर्दा यस गाउँपालिका अन्तर्गत तपशिलका रिक्त पदहरुको पदपूर्तिको लागि माग आकृति फारम स्वीकृत गरिएको र पदपूर्तिको लागि श्री प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडालाई अनुरोध गर्ने भनी गर्ने निर्णय गरियो।

प्रस्ताव नं. १५ — आर्युवेद शाखा र आवश्यक बजेट सम्बन्धमा।

निर्णय नं. १५- प्रस्ताव नं. १५ उपर छलफल गर्दा म्याग्ङ गाउँपालिकाको स्वीकृत दरबन्दीमा आयुर्वेद शाखा नरहेको र यस पालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०७९ अनुसार तपशिलको दरबन्दी स्वीकृत भएको हुँदा स्वीकृत दरबन्दी बमोजिमको तलब तथा आयुर्वेदीक औषधीको लागि आवश्यक बजेट विनियोजन गरिदिनुहुन भनी श्री स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो। साथै हाललै विविध स्वास्थ्य कार्यक्रमबाट रु. ३,००,०००/- को आयुर्वेद ओषधी खरिद गर्नका लागि स्वास्थ्य शाखालाई अनुमति गर्ने निर्णय गरियो।

स्वीकृत दरबन्दीहरुः-

१. आयुर्वेद अधिकृत (छैठौं) — १ जना
२. कविराज (चौंथो/पाँचौं) — १ जना
३. कार्यालय सहयोगी -- १ जना

प्रस्ताव नं. १६ — सर्वसम्मतले पारित सम्बन्धमा।

निर्णय नं. १६ - प्रस्ताव नं. १६ उपर छलफल गर्दा प्रस्तावित सम्पूर्ण प्रस्तावहरु सर्वसम्मतले पारित गर्ने निर्णय गरियो।